१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ६७ ॥ २०८१ चैत ३० गते शनिबार (12th Apr 2025 Saturday) | Pratidin National Daily | मूल्य-रु.५/-

# यसरी पक्राउ परे दुर्गा प्रसाई ,१२ दिन हिरासतमा राख्न अनुमति



झापा(प्रस) । चैत १५ गतेको राजावादी समूहको प्रदर्शनमा हिंसा भड्काएको आरोपमा पक्राउ परेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई अनुसन्धानका लागि अदालतले प्रहरीलाई १२ दिनको म्याद दिएको छ ।

शुक्रबार जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिरराज ढकालको इजलासले राज्यविरुद्धको कसूरमा प्रसाईंमाथि अनुसन्धान गर्न १२ दिनको म्याद दिएको सूचना अधिकारी दीपककुमार श्रेष्ठले बताए । त्यस्तै प्रसाईंसँगै पक्राउ परेका उनका अंगरक्षक दीपक खड्काविरुद्ध पनि १२ दिनको म्याद थप भएको छ । १५ चैतको प्रदर्शनका नाममा हिंसा भड्काएर उनी फरार रहेकोमा बिहीबार प्रहरीको विशेष ब्युरोले आसाममा पक्राउ गरी शुक्रवार बिहान उनलाई भद्रपुर ल्याएको थियो । त्यसपछि उनलाई जहाजबाट काठमाडौं लगिएको हो ।

प्रसाईंले अगुवाइ गरेर चैत ४ गते राष्ट्रिय पञ्चायतका पूर्व अध्यक्ष राप्रपाका नेता नवराज सुवेदीको नेतृत्वमा राजसंस्था पुनःस्थापनाका लागि संयुक्त जनआन्दोलन समिति गठन गरिएको थियो । सुवेदीले उनै प्रसाईंलाई जनआन्दोलन समितिको कमान्डर पनि घोषणा गरेका थिए ।

चैत १५ गते प्रसाईंले नै भाँडभैलो मच्चाएपछि राजावादीहरूको प्रदर्शन हिंस्रक बनेको थियो । प्रदर्शनका क्रममा एक सञ्चारकर्मीसहित २ जनाको मृत्यु भएको थियो । साथै दर्जनौं गाडीमा आगजनी र व्यक्तिगत तथा सरकारी सम्पत्तिमा समेत आगजनी र तोडफोड भएको थियो ।

यसैबीच गृहमन्त्री रमेश लेखकले गत चैत १५ गते काठमाडौंमा भएको घटना अपराधिक र विध्वंसात्मक कार्य भएको बताएका छन् ।

शुक्रबार प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा बोल्दै मन्त्री लेखकले यस्तो बताएका हुन् ।

तीनकुने भएको घटनाप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै उनले आइन्दा यस्ता घटना हुन नदिन चनाखो रहेको समेत बताए । उनले तीनकुने घटना आपराधिक र विध्वंशकारी घटना

❖ बाँकी अन्तिम पृष्ठमा

## पूर्वराजा ज्ञानेन्द्रलाई संसदीय समितिमा बोलाउन माग

झापा(प्रस) ।सांसदहरूले चैत १५ गते तीनकुनेमा भएको हिंसात्मक घटनाको छानबिनको दायरामा पूर्वराजा ज्ञानेन्द्र शाहलाई ल्याउनुपर्ने बताएका छन्।

सिंहदरबारमा शुक्रबार बसेको प्रतिनिधिसभा अन्तर्गतको कानुन न्याय तथा मानवअधिकार समितिको बैठकमा उनीहरूले तीनकुने घटनामा ज्ञानेन्द्र शाहको भूमिका देखिएकाले छानबिनको दायरामा ल्याउनपर्ने बताएका हुन्।

बैठकमा कांग्रेस सांसद जीवन परियारले चैत १५ गतेको घटनामा ज्ञानेन्द्र शाहको भूमिकाका बारेमा बहस भएकाले समितिमा बोलाउन सुझाव दिए। कुनै पनि व्यक्तिले अराजकता र अमानवीय काम गरे संविधानको नजरमा बराबर रहेकाले ज्ञानेन्द्र शाहका विषयमा छलफल हुनुपर्ने उनले बताए। उनले लोकतन्त्रमाथि धावा बोल्नेहरूविरुद्ध राज्य चुप लागेर बस्न नहुने बताए।

त्यस्तै एमाले प्रमुख सचेतक महेश बर्तौलाले तीनकुने घटनामा पूर्वराजा ज्ञानेन्द्र शाहको

❖ बाँकी अन्तिम पृष्ठमा

# दुर्गा प्रसाईका सच्चा वफादार दिपक खड्का


दुर्गाका लागि कुर्बानी दिने को हुन् दिपक ?

झापा(प्रस) । बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईका लागि अंगरक्षक दिपक खड्काले पटकपटक कुटाइ मात्र खाएनन् , दुर्गासंगै पक्राउ खाँदै उनी जेलनेल भोग्नसमेत तयार भएका छन् । उनले दिएको बलिदानीलाई हेर्दा उनी सच्चा वफादार हुन् । दुर्गा प्रसाईंको लागि जस्तोसुकै योगदान दिनसक्ने र साथ नछोड्ने दिपकको साँचो वफादारीको प्रमाण हो । इमानदारीताका साथ कर्तव्य पालना गर्दै आएका दिपक दुर्गाका हरेक अपराधको भागिदार बनेका छन् । पछिल्लो पटक कमाण्डर दुर्गाले चैत १५ गते तीनकुनेमा गराएको हिंसात्मक घटनामा बराबरी भूमिका निर्वाह नगरेपनि दिपकले दुर्गाको अपराधको बराबरी हिस्सा स्वीकारेका छन् । दुर्गासंगै उनी शुक्रवार पक्राउ परेका छन् । दुवैलाई एउटै कसूरमा अदालतबाट म्याद थप गरिएको छ । यस पटक मात्र होइन , गत वर्ष चैत ५ गते दुर्गा प्रसाईंको सुरक्षार्थ सर्वोच्च अदालतबाट उनी हतियारसहित पक्राउ परेका थिए । केही दिन प्रहरी हिरासतमा बसेर उनी छुटेका थिए ।

झापा बुद्धशान्ति गाउँपालिका -३ स्थित बुधबारे घर भएका ५१ वर्षीय दिपक २०५२ साल जेठ महिनामा नेपाली सेनामा सैन्य दर्जामा भर्ना भएका थिए । तत्कालीन भवानी दल गुल्म हुँदै हालको भवानी दल गणमा सिपाही दर्जामा कार्यरत रहि १६ बर्ष उनले जागिर पुरा गरेका थिए । उनले २०६८ सालमा गुल्म प्रबन्ध हुद्दा दर्जामा नेपाली सेनाबाट अवकाश लिएका थिए । त्यसपछि बिगत ६ बर्षदेखि उनी बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईंका निजी सुरक्षा गार्डको रुपमा कार्यरत रहेका छन् ।उनका श्रीमती र २ छोरी रहेका छन् ।

सबैले छोडेपनि उनले साथ छोडेनन्

बीएण्डसी अस्पताल खोलेपछि दुर्गासंग धेरैले संगत गरेका थिए । दुर्गाको स्वभावका कारण उनीसंग संगत गर्नेहरु धेरै दिन टिकेनन् । दुर्गाले राम्रोदेखि नराम्रो कामका लागि पनि उनका सहयोगीहरुलाई लगाएको विभिन्न घटनाले देखाएको छ । दुर्गाकै लागि अपराध गर्दा ज्यान मुद्धामा यसअघि ९ जना जेल परेका छन् । दुर्गाको संगत धेरैले छोडेपनि दिपकले चाहिँ छोडेनन् । बीएण्डसी अस्पताल र त्यसपछि राष्ट्र राष्ट्रियता धर्म संस्कृति नागरिक बचाउ अभियानका लागि दुर्गालाई साथ दिँदै आएका दिपकले अब कारागारभित्र पनि साथ दिने भएका छन् ।

# धुलाबारी-इरौंटार निर्माणाधीन सडकको प्रगति ६५ प्रतिशत

मेचीनगर(प्रस)। बहुवर्षीय योजनाअन्तरगत धुलाबारीदेखि इरौंटारसम्मको निर्माणाधीन सडकको राज्यमन्त्री, मेयर र अध्यक्षले स्थलगत निरीक्षण गरेका छन् ।

शुक्रबार कोशी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास राज्यमन्त्री भूमिप्रसाद राजवंशी, मेचीनगर नगरपालिका प्रमुख गोपालचन्द्र बुढाथोकी, बुद्धशान्ति गाउँपालिका अध्यक्ष मनोज प्रसाईले धुलाबारीदेखि इरौंटारसम्मको निर्माणाधीन सडकको स्थलगत निरीक्षण गरेका हुन् ।

२०७६ कात्तिक २० गते ठेक्का सम्झौता भएको भद्रपुर, ज्यामिरगढी, धुलाबारी, गोजावस्ती, मागुरमाडी, शान्तिनगर हुँदै इलामको इरौंटार सडकको अहिलेसम्म निर्माण कार्य भइरहेको छ । भद्रपुरदेखि ज्यामिरगढी सडकको भने यसअघि नै काम पूरा भइसकेको छ ।

२०७९ असार ३१ गते सम्पन्न हुनु पर्ने ठेक्का हालसम्म उक्त गौरवको योजनाको २५ दशमलव ३६० किलोमिटर सडक अझै निर्माणाधीन अवस्थामा नै रहेको छ ।

उक्त सडक कनकाई-झापाली जेभी बिर्तामोडका सञ्चालक शेरबहादुर थापाले भ्याटसहित ४६ करोड २३ लाख ८२ हजार ९८३ रुपैयाँमा ठेक्का लिएका थिए ।

पहिलो पटकको म्याद थपसहित २०८० मंसिर ३० गते सम्पन्न गर्नु पर्ने थियो । उक्त समयमा पनि नसकेपछि फेरि २०८१ माघ १० गते सक्ने गरी भ्यारिएसनसहित दोस्रो पटक ठेक्का भ्याटसहित ५१ लाख ३२ हजार ५१७ रुपैयाँमा दिने सम्झौता भएको थियो । पूर्वाधार विकास कार्यालय झापाका सिनियर ईन्जिनियर उत्तम खरेलले बहुवर्षीय योजनाअन्तरगत हालसम्म भौतिक प्रगति ६५ प्रतिशत र वित्तीय प्रगति ५९ प्रतिशत रहेको जानकारी दिए ।

उनले निर्माण व्यवसायीलाई २९ करोड ७३ लाख १६ हजार ५८ रुपैयाँ भुक्तानी भएको बताए । उनका अनुसार डीवीएसटी प्रविधिको कालोपत्रे सडक भएकाले आ.व.२०८१/८२ को विनियोजित बजेटबाट थप ९ करोड रुपैयाँ दिइएको छ । जसमा उक्त बजेटबाट ६४ लाख २१ हजार ८४ रुपैयाँ सडकमा खर्च भएको छ ।

हालसम्म ६ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ । २२ किलोमिटर सव-वेस , ६ किलोमिटर बेस निर्माणाधीन र ९० प्रतिशत स्ट्रक्चर कार्य सम्पन्न भएको सिनियर ईन्जिनियर खरेलको भनाई छ ।

निर्माण व्यवसायी थापाले सरकारले ठेक्का सम्झौता भए अनुसारको पुरा बजेट विनियोजन नगरेका कारण सडक निर्माणमा ढिलाई भएको दावी गरेका छन् । उनका अनुसार उक्त सडक निर्माणका लागि म्याद सकिएकाले थप म्यादको प्रक्रियामा रहेको छ । म्याद थपिएर अन्तिम पटकको बजेट आए समयमा नै काम सकिने थापाको भनाई छ ।

राज्यमन्त्री राजवंशीलगायतको टोली के कति काम भएको छ, म्याद बढाउन र थप बजेट विनियोजनका लागि के गर्न सकिन्छ भनेर स्थलगत निरीक्षणका लागि आएको हो ।

धुलाबारीदेखि इरौंटारसम्मको २५ किलोमिटर सडकको डिपिआरसहित योजना ल्याएको नगरप्रमुख बुढाथोकीको भनाई छ ।उक्त निर्माणाधीन सडक मेचीनगर नगरपालिका, बुद्धशान्ति गाउँपालिका र इलामको रोङ गाउँपालिकाको क्षेत्रभित्र पर्दछ ।

# ३ करोडभन्दा बढी रकम हिनामिना गर्ने भुजेल जेल चलान

बिर्तामोड(प्रस) । बिर्तामोडमा मुख्य कार्यालय रहेको एक सहकारी संस्थाको ३ करोडभन्दा बढी रकम हिनामिना गरेको आरोपमा पक्राउ परेका सहकारीका कर्मचारी जेल चलान भएका छन् । ३ करोड ३५ लाख ४०० रुपैयाँ हिनामिना गरेको आरोपमा सहकारीका शिवगञ्ज सेवाकेन्द्रका प्रमुख जीवन भुजेल पक्राउ परेका थिए ।




झापा जिल्ला अदालतको ८ नम्बर न्यायाधीश ऋत्तबहादुर पुलामी मगरको शुक्रवारको इजलासले भुजेललाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको एक कानुन व्यवसायीले जानकारी दिए । गौरादह २ घर भई सहकारीको शिवगञ्ज सेवाकेन्द्रको प्रमुख रहेका २८ वर्षीय भुजेलले सहकारीको सम्पत्ति , बचत तथा ऋण हिनामिना गरेका थिए । सहकारीले उजुरी दिएपछि भुजेललाई चैत ३ गते पक्राउ गरिएको थियो ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# शिक्षक आन्दोलन : २४ बुँदे ध्यानाकर्षण पत्रमा के के कुरा समावेश छन् ?

अविलम्ब शिक्षा ऐन जारी गर्नुपर्ने माग सहित देशभरका शिक्षकहरू राजधानी केन्द्रित प्रदर्शनमा छन्।

प्रदर्शनको १० औँ दिन शुक्रवारसम्म आइपुग्दा प्रदर्शन क्रमिक रुपमा बढ्दै गइरहेको छ भने सरकार मौन जस्तै अवस्थामा नै छ। आन्दोलनको आह्वान गरेको नेपाल शिक्षक महासङ्घ र सरकारबीचको अनौपचारिक वार्ता बिहीबार भयो। आफूहरूले प्रदर्शन गर्नुपर्ने कारणहरू समावेश गरिएको २४ बुँदे ध्यानाकर्षण पत्र उनीहरूले सरकारलाई बुझाएका छन्। महासङ्घकी सह अध्यक्ष नानुमाया पराजुलीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले ध्यानाकर्षण पत्र बुझाउँदै पुराना सहमति कार्यान्वयन हुनुपर्ने भनेको छ।

महासङ्घले बुझाएको ध्यानाकर्षण पत्रमा विद्यालय शिक्षा ऐनले सम्बोधन गर्नुपर्ने विषय भनेर २४ बुँदामा व्याख्या गरिएको छ। ९५ हजार शिक्षकहरू स्थायी भए पनि शिक्षकको ठुलो हिस्सा अहिले पनि अस्थायी अवस्थामा रहेकोले विगतका सहमति अनुसार सबै खालका अस्थायी शिक्षकहरूलाई एकै खालको सेवा, सर्त र सुविधा पाउने स्थायी शिक्षकमा रूपान्तरण गर्ने प्रबन्ध ऐनमा हुनुपर्ने भनिएको छ। साथै विद्यालयका कर्मचारीहरूको लागि तह र दरबन्दी तोकेर सहमति बमोजिम स्थायी गर्नुपर्ने भनिएको छ।

तलबमान र ग्रेडको सवालमा दरबन्दीमा रहेका शिक्षकको आधारभूत तलब समान तह र श्रेणीका निजामती सेवाका कर्मचारी सरह रहेको भए पनि सबै तह र श्रेणीमा ग्रेड सङ्ख्या भने बराबर नरहेको उल्लेख छ। निजामती सेवाका कर्मचारीको भन्दा शिक्षकहरूबीच तलब र ग्रेडमा विभेद रहेकोले नयाँ ऐनमा शिक्षकको तलब र ग्रेड समान तह र श्रेणीका निजामती कर्मचारीको भन्दा कम हुने छैन भनी लेखिनुपर्ने माग गरिएको छ। साथै सेवा प्रवेशका लागि तालिम र अध्यापन अनुमति पत्र अनिवार्य भएकोले सबै शिक्षकका लागि प्राविधिक ग्रेड दिनुपर्ने लगायतको माग गरिएको छ।

शिक्षकको सेवा र सुविधाको सवालमा शिक्षण पेसामा योग्यतम जनशक्ति प्रवेश गराउन र टिकाउन शिक्षण पेसाको सेवा, सर्त र सुविधा अन्य पेसाभन्दा आकर्षक गराउनुपर्ने, माथिल्लो योग्यता र लाइसेन्स भएका शिक्षकका लागि तहगत (प्राथमिक/ निमा/माध्यमिक) बढुवाको प्रबन्ध हुनुपर्ने, शिक्षक बढुवामा तीन ओटा श्रेणी (प्रथम, द्वितीय र तृतीय) मात्र रहेकोले अन्य पेसामा जस्तै विशिष्ट श्रेणीको व्यवस्था हुनुपर्ने माग पनि ध्यानाकर्षण पत्रमा समावेश छन्।

विश्वविद्यालयमा जस्तै विद्यालय शिक्षामा पनि सबै अस्थायी अवधि पेन्सन लगायतका सुविधा प्रयोजनका लागि जोडिनुपर्ने, नयाँ शिक्षा ऐन जारी हुन अघि प्रचलित ऐन कानुन वमोजिम् स्थायी भएका सबै शिक्षकलाई पुरानै प्रणाली अनुसार निवृत्तिभरण दिने व्यवस्था ऐनमा हुनुपर्ने, विद्यालय शिक्षालाई संविधानको अनुसूची ९ मा राखी तीनै तहका सरकारका बीचमा अधिकार बाँडफाँड हुनुपर्ने भनिएको छ। यद्यपि कुराको सम्बोधन ऐनबाट हुन नसक्ने उल्लेख छ।

ऐनले योग्यता पुगेका स्थायी शिक्षकहरूबाट शिक्षक सेवा आयोग मार्फत प्रतिस्पर्धा गराई प्रधानाध्यापक नियुक्त गर्ने पद्धतिको विकास गर्नुपर्ने, त्यसरी नियुक्त भएको प्रधानाध्यापकको लागि कम्तीमा पनि आधारभूत तलबको १५% प्रधानाध्यापक भत्ताको प्रबन्ध गर्नुपर्ने, संस्थागत र सामुदायिक दुवै प्रकारका विद्यालयमा कार्यरत अस्थायी तथा निजी स्रोतका शिक्षकका लागि सामाजिक सुरक्षा कोषको प्रबन्ध हुनुपर्ने, द्वन्द्व पीडित शिक्षक तथा पेसागत आन्दोलनमा लागेर सेवा अवधि टुटेका शिक्षकहरूको टुटेको सेवा अवधि जोडेर नियमानुसार उपदान वा निवृत्तिभरण हुनुपर्ने, पञ्चायत कालमा व्यवस्था विरोधको आरोपमा अन्यायपूर्ण तरीकाबाट बर्खास्त भएका शिक्षकको बाँकी सेवा अवधि गणना गरी नियमानुसार सुविधा दिइने विषय ऐनले हुनुपर्ने माग गरिएको छ।

शिक्षकको कार्य सम्पादन मूल्याङ्कनको अधिकार शिक्षा सम्बन्धी जिल्ला स्थित कार्यालयमा रहनुपर्ने, शिक्षकको सरुवाको तहगत रूपमा व्यवस्था गरिनुपर्ने, अभिभावकको बाहुल्य हुने गरी अभिभावककै अध्यक्षतामा विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रबन्ध हुनुपर्ने, नेपाल सरकार, प्रदेश सरकार तथा जिल्ला र स्थानीय तहका शैक्षिक प्रशासनका केही पदहरूका शिक्षकहरूबाट समेत काजमा ल्याउने व्यवस्था गर्नुपर्ने, शिक्षकको रजिस्ट्रेसन तालिम तथा पेसागत विकास लगायतका काम गर्न शिक्षण काउन्सिलको व्यवस्था हुनुपर्ने माग गरिएको छ।

शिक्षक दरबन्दी स्थानीय तहमा हस्तान्तरण गरिन नहुने तथा हाल रहेका सबै शिक्षक दरबन्दी सङ्घीय संरचना अन्तर्गत रहने व्यवस्था ऐनले गर्नुपर्ने, लोकतान्त्रिक पद्धति भएका मुलुकमा शिक्षकका पेसागत संस्थाले आफ्ना पेसागत मुद्दा र मर्कामा लेख्न, बोल्न धर्ना दिन, प्रदर्शन गर्न, दबाब दिन पाउने व्यवस्था हुनुपर्ने, ग्रेड वृद्धि र बढुवा रोक्काको अधिकार जिल्ला शिक्षा अधिकारीमा र सेवाबाट बर्खास्त गर्ने अधिकार शिक्षक सेवा आयोगको परामर्शमा प्रदेश निर्देशनालयको प्रमुख वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको महानिर्देशकमा रहनु उचित हुने महासङ्घको ध्यानाकर्षण पत्रमा उल्लेख छ।

निजी विद्यालयका शिक्षकको तलब भत्ता सामुदायिक विद्यालयका शिक्षक सरह हुनुपर्ने, सेवा प्रवेश उमेर ४० वर्ष नै गराउनुपर्ने, विद्यालयको अनुमति खारेजी, रद्द वा विद्यालय बन्दको अधिकार स्थानीय तहमा नराखेर स्थानीय तहको सिफारिसमा प्रदेश तहबाट हुनुपर्ने, विषयगत शिक्षक दरबन्दीको व्यवस्था हुनुपर्ने, शिक्षक–कर्मचारीको सुलभ उपचारको लागि केन्द्रमा सुविधा सम्पन्न शिक्षक अस्पताल बन्नुपर्ने माग गरिएको छ।

शिक्षकलाई पनि निजामती सेवामा जस्तै अन्य बिदा सहित घर बिदाको व्यवस्था गरिनुपर्ने, अस्थायी प्रकृतिका सबै शिक्षकको बिरामी बिदा सञ्चित गरी नियमानुसार रकम दिइनुपर्ने तथा अध्ययन, अनुसन्धानमा प्रतिभा प्रस्फुरण गर्न सेवाकालीन अध्ययन, अनुसन्धान र लेखनका लागि समय र आर्थिक सहयोग उपलब्ध गराइनुपर्ने माग गरिएको छ।

## ट्रयाक्टर दुर्घटनामा मृत्यु भएका व्यक्तिको पहिचान खुल्यो



झापा(प्रस)।इलाममा ट्रयाक्टर चोरी गरी लैजाँदै गर्दा दुर्घटनामा परेर मृत्यु भएका व्यक्तिको पहिचान खुलेको छ। मृतक इलाम नगरपालिका वडा नं १० बस्ने ४३ वर्षीय धनबहादुर राई भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ। इलाम-७ का ईश्वर राईले बाटोमा पार्किङ गरी राखेको को.१ त ७३४१ नम्बरको ट्रयाक्टर बुधवार राति १०.५० बजे लिएर जाँदै गर्दा दुर्घटनामा परी राईको मृत्यु भएको हो।

घाइते अबस्थामा फेला परेका राईलाई उपचारका लागि जिल्ला अस्पताल इलाम पुर्याइएकोमा उपचारका क्रममा मृत्यु भएको थियो। ट्रयाक्टर धनी राईले विगत ४-५ महिनादेखि सो ट्रयाक्टर बाटोमा राखेका थिए। उनी आफैले सो ट्रयाक्टर चलाउने गरेका थिए। विरामी भएपछि ट्रयाक्टर थन्किएको थियो। ती व्यक्तिले ट्रयाक्टर लिएर जाँदै गर्दा टर्निङमा पल्टिएको प्रहरीले जनाएको छ।

# साना र मझौला आयोजना संघीय सरकारको बजेटमा नराख्न सुझाव

झापा(प्रस)। प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन हुने साना तथा मझौला विकास निर्माणका कामहरु संघीय सरकारको बजेटमा समावेश नगर्न विज्ञहरुले सुझाव दिएका छन्। पूर्व अर्थ सचिव रामेश्वर खनालको संयोजकत्वमा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले तयार पारेको प्रतिवेदनमा उच्च प्रतिफल दिने सही आयोजनाहरु छनोट गरी समयमा नै सम्पन्न गर्नुपर्ने उल्लेख गरिएको छ। ६ महिना लगाएर तयार पारिएको प्रतिवेदन शुक्रबार उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई बुझाउँदै तीन तहबिच आयोजना बैंक सूचना प्रणालीको विकास गरी एकीकृत गर्नुपर्ने सुझावमा उल्लेख छ। जसले गर्दा आयोजनाहरु दोहोरिने र छुट्ने सम्भावना नहुने प्रतिवेदनमा भनिएको छ।

'पहाडी क्षेत्रबाट बसाइसराई भइरहेको सन्दर्भमा अनावश्यक रुपमा ठूला सडकहरु निर्माण नगर्ने, निर्माण भइसकेका सडक र सिचाइँ पूर्वाधारमा आधारित भएर उत्पादन बढाउने कार्यक्रम ल्याउनुपर्छ,' सुझाव प्रतिवेदनमा भनिएको छ, 'आयोजना कार्यान्वयन प्रभावकारी ढंगले गर्न पर्याप्त पूर्व तयारी गर्ने, पर्याप्त बजेट विनियोजन गर्ने र आयोजना व्यवस्थापनमा संलग्न कर्मचारीहरुको सरुवा आयोजना अवधिभर नगर्ने र समयमा आयोजना सम्पन्न गर्न सकेमा कर्मचारीहरुलाई वार्षिक तलबको निश्चित प्रतिशत रकम पाउनेगरी पुरस्कृत गर्ने व्यवस्था गर्नु पर्छ।'

# एकाएक फेरियो जीवनको परिचय

• लक्ष्मी उप्रेती

मेचीनगर । झापा मेचीनगर –७ सतिघट्टाका ३९ वर्षीय जीवन धिताल पेशाले शिक्षक हुन। झापाको अर्जुनधारा नगरपालिकामा पर्ने शनिश्चरे माध्यमिक विद्यालय र विर्तामोड नगरपालिकाभित्र पर्ने मोहनमाया माध्यमिक विद्यालयमा माध्यमिक तहमा विज्ञान शिक्षकका रुपमा कार्यरत उनी अधिकाँश समय विद्यालयमा आफ्ना सहकर्मी र विद्यार्थीहरुसँग रमाउँछन्। चक र डस्टर बोकेर कक्षा छिर्ने जीवनको परिचय अब यतिमा मात्र सीमित रहेन।

प्रत्येक विद्यार्थी र उनका अभिभावक अनि उनकै सहकर्मीबीच रहने उनै शिक्षक जीवन अब हरेक संगीतप्रेमी श्रोताहरुका मन मनमा बस्न सफल भएका छन्। नवोदित गायक जीवन धितालको स्वरमा रहेको 'दुःखी रहेछ जिन्दगी 'बोलको गीत बजारमा आएपछि। भरखरै बजारमा आएको गीतकार विरही अधिकारीको शब्द रचना र हरि पौडेलले संगीतबद्ध गरेको 'दुःखी रहेछ जिन्दगी 'बोलको गीतमा उनै जीवनले स्वर दिएका छन्। गीतकार विरही झापाका चुनेजानेका श्रष्टा हुन्। उनी राम्रा राम्रा कविता मात्र कोर्दैनन् कोकिल स्वरमा वाचन समेत गर्छन्। संगीतकार पौडेलको पनि परिचय निकै फराकिलो छ। उनले गाएको गीतको म्यूजिक भिडियो बजारमा छ।

केही दिनअघि मात्र भद्रपुरस्थित एयरपोर्ट होटलको सभाहलमा गीत विमोचन गरिएपछि अहिले हरेक संगीतप्रेमीको जिब्रोमा उक्त गीत गुञ्जिने गरेको छ। ओएसआर डिजिटल यूट्युब च्यानलबाट रिलिज गरिएको उक्त गीत एडी रेकर्डिङ स्टुडियो काँकरभिट्टामा रेकर्ड गरिएको र सिलिगुडीमा मिक्सिङ गरिएको हो।

कुशल म्यूजिक भिडियो निर्देशक कृष्ण अनमोलले निर्देशन गरेको गीतको एरेञ्जर ध्रुव आचार्य रहेका छन्। सुधिरसिंह बराइली रेकर्डिष्ट रहेको गीतमा कलाकारहरु कृष्ण अनमोल, सृष्टि आचार्य, महेन्द्र कोइराला, अर्जुन खरेल, सनम शाह शंकर, रोनी सुन्दासलगायतका कलाकारहरुले अभिनय गरेका छन्।

'एक सुको पैसा घरमा ल्याउनु छैनु जतिबेलै कविता, विहान विहानै यो कविता लेख्न तपाईको यो शुरु भो हैन।' म्यूजिक भिडियोको प्रमुख पात्राको रुपमा रहेकी श्रृष्टि आचार्यले कविता लेख्दैं गरेका अर्का पात्र कविका रुपमा देखा परेका कृष्ण अनमोललाई भन्छिन्।

जवाफमा 'एउटा पत्रिकालाई यो कविता दिनु छ अनु' मलिन स्वरमा कृष्ण अनमोल।

पुनः श्रृष्टिको प्रश्न कृष्णमाथि 'अनि पत्रिकाले चाँहि तपाईलाई यो कविता लेखेर के दिन्छ ?, अनि कविता लेखेर देशमा परिवर्तन ल्याउनुहुन्छ तपाई ? भ्रष्टाचार हटाउँछ तपाईको कविताले ? बलात्कृतलाई न्याय दिन्छ तपाईको कविताले ? ती गरिबका चुलामा आगो बाल्छ त कविताले ? ।'

कविको रुपमा रहेका कृष्ण भन्छन् 'अनु म कवि हुँ, मेरो धर्म कविता लेख्नु हो'

सबैभन्दा ठूलो धर्म आफ्नो परिवार पाल्नु हो, सन्तानप्रतिको जिम्मेवारी बहन गर्नु हो, यस्तो कविता सविता लेखेर केही पनि हुनेवाला छैन श्रीमान ज्यू, लेख्दै गरेको कविता हातबाट खोसेर फ्याकिदिन्छिन्। यो सँगै कृष्ण र श्रृष्टिबीचको संवाद बन्द भएपछि नवोदित गायक गायक जीवनको स्वरमा गीत यसरी बज्छ। आ ............आ ..........आ...,'दुःखी रहेछ यो जिन्दगी, बोल्दैनन् यी चोटहरु।

कृष्ण र श्रृष्टिबीचको संवादले नै स्पष्ट हुन्छ श्रष्टाको हालत। कलाको माध्यमबाट जीवन गुजार्ने नेपाली समाजमा व्यहोर्नुपर्ने सकस गीतको पार्श्व दृश्यमा चित्रण गरिएको छ। गीतमा समावेश नेपाली समाजमा साहित्यकारहरुले आफ्नो सिर्जना पस्कन झेल्नुपरेको संघर्षको दृश्यलेलाई दर्शक एवम् पाठक सामु देखाइएको छ।

साङ्गीतिक क्षेत्रमा अनवरत जीवन खर्चेका सर्जकको उपस्थितिले गीतको ओज बढेको पनि प्रतिक्रिया सुनिन्छ। अहिले त्यही गीतले गायक जीवनलाई सवैतिर चिनाएको छ। विसं २०४२/०८/०२ इलामको सोयाक बुवा आमा गणेशप्रसाद र भक्तमाया धितालका कोखबाट जन्मेका जीवनको सानैदेखिको रुचि भने गीत संगीततिर नै थियो। खेतमा हलो जोत्न जदा होस् या घाँस काट्न, गाईवस्तु चराउन जाँदा होस् इनार कुँवा पानी भर्न जाँदा उनी अन्य कलाकारका गीतहरु गुनगुनाउने गर्दथे। उनैले अहिले आएर छोटै समयमा आफूलाई कुशल गायकको रुपमा उभ्याउन सफल भए।

२०५७ पूर्वी पहाडको खान्द्रुङ मावि सिद्धिथुम्काबाट एसएलसी उत्तीर्ण गरेका जीवनको शैक्षिक योग्यता एमएसी एमएड हो। निर्णय लिन, असफलता, कसैको धम्की, मिहिनत गर्न र एक्लोपना यी पाँच कुराबाट कहिल्यै नडराउन र पछि नहट्न उनको सुझाव छ।

संगीत कक्षाः बिराटनगरस्थित भानु कलाकेन्द्रबाट गुरु साजन राई( ख्यातिप्राप्त गायक) बाट शास्त्रीय र सेमी क्लासिकलको शिक्षा हासिल गरेका जीवनको हालसम्म प्रकाशित गीत/ भिडियोःआफ्नै च्यानल जीवन धितालबाट ४/५ वटा ओएसआरबाट पछिल्लो र अन्य रेकर्डिङको क्रममा रहेका छन्। रचना,संगीत र गायन तीनै विधामा संघर्षरत उनी झापाका विभिन्न साहित्यक र सांगीतिक संघ संस्थामा आवद्ध छन्। गीत संगीतमा अहोरात्र खटिने र सिर्जनामा लागिरहने भावी योजना रहेको उनले सुनाए। 'उसमा वाल्यकालदेखि नै लेख्ने बानी थियो, कडा मिहिनत परिश्रम कामप्रतिको जिम्मेवारीका कारण अहिले सफलताको शिखर चुम्दैंछन्' उनका सहकर्मीहरुको भनाई। 'सानै उमेरदेखि गीत संगीत भने पछि हुरुक्क हुन्थ्यो' पिता गणेशले भने –'अब गीत संगीत नै आफ्नो भावना व्यक्त गर्ने बलियो आधार बनाउने उसको सोच छ।'




# निःशुल्क स्वास्थ्य सेवा सम्बन्धी विवरण सार्वजनिक



झापा(प्रस)। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नागरिकले निःशुल्क रूपमा प्राप्त गर्ने सेवाहरूको विवरण सार्वजनिक गरेको छ।

मन्त्रालयले निःशुल्क प्राप्त गर्ने सेवा, सेवा प्राप्त गर्ने लक्षित समूह, प्राप्त गर्ने स्थान लगायतका विवरण पनि सार्वजनिक गरेको हो।

मन्त्रालयले नयाँ डिजाइन गरेको आफ्नो वेबसाइटमा निःशुल्क सेवासम्बन्धी विवरणहरू र त्यसका लागि थप कागजात चाहिने वा नचाहिने जानकारी पनि उल्लेख गरेको छ।

मन्त्रालयले नागरिकलाई सरकारी स्वास्थ्य संस्थामार्फत आधारभूत उपचार निःशुल्क उपलब्ध गराइरहेको छ। यसैगरी मृगौला रोग, मुटु रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, स्पाइनल इन्जुरी, हेड इन्जुरी, सिकलसेल एनिमिया तथा जलन उपचार सेवाअन्तर्गत विभिन्न उमेरसमूहका बिरामीलाई विभिन्न खालका सेवा निःशुल्क दिइरहेको छ।

यसका लागि सेवा प्राप्त गर्ने स्थानको जानकारीसहित कागजात चाहिने भएमा त्यससम्बन्धी विवरणसमेत राखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले नागरिकले प्राप्त गर्ने निःशुल्क उपचार पारदर्शी र सबैले थाहा पाउने गरी जानकारी राख्न निर्देशन दिएका थिए। सोही आधारमा मन्त्रालयले विस्तृत विवरण खुलाएको हो।

**यसरी...**

भएकोले फौजदारी कानुनी प्रक्रियाबाट नै छानबिन हुने जिकिर गरे। सांसदहरुले घटनाको सत्यतथ्य छानबिन गर्न छानबिन आयोग गठन गर्न माग गरेका थिए।

गृहमन्त्री लेखकले सरकारको रेगुलर क्रिमिनल जस्टिस सिस्टमले घटनाबारे कुनै आग्रह र पूर्वाग्रह नराखी निष्पक्ष छानबिन गर्ने बताए। सार्वजनिक सम्पत्ति लुटपाट, आगजनी र आरजकता गर्ने कार्यमा संलग्नहरुलाई पक्राउ गर्ने कार्य अझै नरोकिएको समेत उनको भनाइ छ। तीनकुने प्रदर्शनका कमाण्डर दुर्गा प्रसाईं प्रक्राउ परेको समेत उनले समितिलाई जानकारी दिए।

उनले लोकतान्त्रिक व्यवस्थामा आगो लगाएर निरंकुशताको खोजी गर्नु कुनैपनि हिसाबले उचित नहुने बताए। उनले जनतामा गएर आफ्नो कुरा राखेर निर्वाचित हुने अधिकार संविधानले सबैलाई दिएको समेत उल्लेख गरे। उनले भने, 'लोकतान्त्रिक व्यवस्थामा आगो लगाएर निरंकुशताको खोजीलाई हामीले जुनसुकै भाषा, जुनसुकै शब्दले पनि अगाडि बढाउने कुरा उचित हुन्छ भन्ने मलाई लाग्दैन। जनतामा जाऔँ आफ्नो कुरा राखौं। हामी त पाँच पाँच वर्षमा जनतामा गइराखेका छौं। हामी त जनताबाट निर्वाचित भएर आएका मानिसहरु हौं। फेरि ०८४ मा जानु छ। जनताले पठाएको बेला आउने हो। नपठाएको बेला आउने होइन नि।'

उनले तीनकुने घटनामा मृत्यु भएकाका परिवारलाई १०/१० लाख रुपैयाँ राहत दिने काम अघि बढिसकेको बताए। घटना घाइते भएकाहरुको सरकारले निःशुल्क उपचार गर्ने उनको भनाइ छ। बैठकमा सांसदहरुले तीनकुने घट्नाको जिम्मेवार पूर्वराजा ज्ञानेन्द्र शाहलाई बनाउनु पर्ने धारणा राखेका छन्।

# बिर्तामोडमा लागूऔषधसहित दुईजना भारतीय पक्राउ



झापा(प्रस)। झापाको बिर्तामोडमा लागूऔषधसहित दुईजना भारतीय पक्राउ परेका छन्। शुक्रवार दिउँसो १२:५५ बजे बिर्तामोडको सिटीसेन्टरस्थित पूर्वपश्चिम राजमार्गमा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी टोलीले काठमाडौबाट काँकरभिट्टातर्फ जाँदै गरेको प्र.३-००१ ख २८२५ नम्बरको न्यू सृष्टी गोल्ड रात्रीकालीन बसमा सवार भारत बेङ्लोर कनाटाकास ईजिपुरा बस्ने ३७ वर्षीया सनम सेख र नागावार बस्ने ५१ वर्षीय ईबराहिम केथाङ्थलाई शंका लागेर चेकजाँच गरेको थियो।

त्यसक्रममा उनीहरुको २ वटा सुटकेशभित्र खानेकुरा चिप्सको ३६ थान प्याकेटभित्र लुकाई छिपाई राखेको लागूऔषध गाँजा ५ के.जी ५३४ ग्राम र २ वटा डब्बाभित्र रहेको लिसाईलो पदार्थ जस्तो देखिने जेली ८ थान फेला परेको थियो। दुवै जनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखी थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# बाह्रदशीमा पोखरीमा डुबेर बालकको मृत्यु



झापा (प्रस), चैत २९। झापाको बाह्रदशीमा पोखरीमा डुबेर बालकको मृत्यु भएको छ। अर्जुनधारा नगरपालिका वडा न. ३ बस्ने लोकबहादुर तामाङका छोरा ९ वर्षीय कृष्ण तामाङलाई उनकी आमा सिया लामाले माइतीघर बाह्रदशी गाउँपालिका वडा न.२ किरात टोलका पदम लामाको घर लगेकी थिइन्। मावल घरदेखि ५० मिटरपूर्व पोखरीको डिलमा खेल्ने क्रममा शुक्रवार दिउँसो ३ बजे पानीमा डुबेर ती बालक सिकिस्त भएका थिए उनलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड ल्याइएकोमा उपचारका क्रममा दिउँसो ४:५० मृत्यु भएको हो।

घटना सम्बन्धमा कानुनी प्रकृया र थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

**पूर्वराजा...**

संलग्नता देखिएको जवाफदेहीको तहमा ल्याउनुपर्ने बताए। ज्ञानेन्द्र शाहको आह्वानपछि भएको प्रदर्शन हिंसात्मक भएकाले राज्यले गम्भीर भएर अनुसन्धान गर्नुपर्ने उनले बताए। बैठकमा राप्रपाका सांसद ध्रुवबहादुर प्रधानले तीनकुने घटना राज्यपक्षले नियोजितरूपमा घटाएको आरोप लगाए। उक्त घटनाको निष्पक्ष न्यायिक छानबिन भए त्यसदिन भएको कमीकमजोरी बाहिर आउने उनले बताए। उनले उक्त घटनामा नेताहरूलाई झुटा मुद्दा लगाएर आस्थाका बन्दीका रूपमा नराखेर अपराधिक मुद्दा लगाउनु अत्यन्त आपत्तिजनक भएको बताए।

## विमालेख हरायो

मेरो निम्न व्यहोराको लाइफ कर्पोरेसन (नेपाल) लि. को पोलेसी पेपर हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।

नाम :- सरिता पोखरेल
ठेगाना :- बिर्तामोड न.पा.- २, झापा
पोलेसी नं. :- २०००२०४४०
कम्पनी :–लाईफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लि.
सम्पर्क नं. :- ९८४२६३४४६७

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# हावाको प्रदूषणबाट आँखालाई जोगाउने १० उपाय



प्रदूषण एक गम्भीर समस्या हो, जसलाई हामी नजरअन्दाज गर्न सक्दैनौँ। पछिल्ला वर्षहरूमा प्रदूषण उल्लेखनीय रूपमा बढिरहेको छ। हावाको प्रदूषणले मौसममा पनि असर गरेको छ भने हामी मुस्किलले ताजा हावा लिइरहेका छौँ। हावाको प्रदूषणले वातावरणलाई असर मात्र गर्दैन, यसले हाम्रो स्वास्थ्यमा पनि नकारात्मक प्रभाव पार्छ, विशेष गरी आँखामा यसको असर चाँडो देखिन्छ।

हावाको प्रदूषणले आँखालाई सुक्खापन, जलन, र लामो समयसम्म असर गर्ने समस्याहरू जस्तै मोतिबिन्दु वा ग्लाकोमा हुनसक्छ। प्रदूषित वातावरणमा आँखाको सुरक्षा गर्न यी १० उपाय अपनाउन सकिन्छ:

**चस्मा लगाउनुहोस्** - बाहिर जाँदा युभी सुरक्षायुक्त चस्मा लगाएर हिड्नुहोस्।

**आँखा नरगड्नुहोस्** - यदि आँखामा जलन वा चिलाइरहेको महशुस भए पनि त्यसलाई घोट्ने प्रयास नगर्नुहोस्। यसले संक्रमण फैलाउन सक्छ। यदि असहजता लगातार रहन्छ भने नेत्र विशेषज्ञ सँग परामर्श लिनुहोस्।

**आँखाको सरसफाइ कायम राख्नुहोस्** - आँखालाई सफा राख्न सफा कपडा, वाइप्स वा सफा पानीले नियमित रूपमा धुनुहोस्।

**आइ ड्रप प्रयोग गर्नुहोस्** - ओभर-द-काउन्टर लुब्रिकेटिङ आइ ड्रप प्रयोग गरेर आँखालाई ओसिलो राख्न सकिन्छ, जसले प्रदूषणका कारण हुने सुख्खापन कम गर्छ।

**घरभित्रको हावाको गुणस्तर सुधार गर्नुहोस्** - घरमा एयर प्युरिफायर प्रयोग गर्नुहोस् र एलोभेरा जस्ता भित्री बोटबिरुवा राखेर हावाको गुणस्तर सुधार गर्नुहोस्।

**प्रदूषण उच्च हुँदा बाहिर ननिस्कनुहोस्** - हावामा धुलो र हानिकारक कणहरू अत्यधिक भएका बेला बाहिरको गतिविधि सीमित गर्नुहोस्।

**ह्युमिडिफायर प्रयोग गर्नुहोस्** - कोठाको हावा सुक्खा भएमा ह्युमिडिफायर प्रयोग गरेर उचित ओसिलोपना कायम राख्नुहोस्।

**पर्याप्त पानी पिउनुहोस्** - प्रशस्त पानी पिउँदा शरीर हाइड्रेट रहन्छ, जसले आँखा स्वस्थ राख्न मद्दत गर्छ।

**सन्तुलित आहार अपनाउनुहोस्** - भिटामिन ए, सी, र इ युक्त खाना खानुहोस्, जसले आँखाको स्वास्थ्यलाई सुदृढ बनाउँछ र प्रदूषणका असरहरू कम गर्छ।

**आँखा विशेषज्ञसँग परामर्श लिनुहोस्** - यदि तपाईंलाई आँखामा निरन्तर असहजता वा दृष्टि सम्बन्धी समस्या देखिएमा तुरुन्तै नेत्र विशेषज्ञसँग सल्लाह लिनुहोस्।

# अनुदान दिएर कृषिमा प्रोत्साहन गर्दै सूर्योदय नगरपालिका

झापा(प्रस)। सूर्योदय नगरपालिका-४ श्रीअन्तुका डिल्लीराम मुखियालाई गाउँमै उद्यम गर्न रहर थियो। फेरि विदेश जाने मन थिएन। विदेशमा कमाएको पैसा जग्गा जोड्दा, बिहे गर्दा, बच्चा पढाउँदा र घर खर्च टार्दा सकियो। गाउँमै सानोतिनो व्यवसाय गर्न मन भए पनि लगानी नहुँदा उनी दोधारमा थिए।

"गत साल सूर्योदय नगरपालिकाले रेमी कार्यक्रममार्फत कुखुरा पाल्न अनुदान दियो", पौरखी मुखियाले भने, "नगरपालिकाले सात दिनको उद्यमशिलता तालिमसँगै कुखुरा पालन गर्न ४० हजार अनुदान पनि दिएपछि स्थानीय जातका कुखुरा पाल्न थालेँ। अब विदेश जान्न"

डेढ लाख लगानीमा व्यवस्थित खोर बनाएर ६०० वटा चल्ला पालेका उनले कुखुरा बेचेर मनग्गे आम्दानी गरिरहेका छन्। उनीमात्र होइन उक्त वडाका इन्द्रजित मुखिया, सपना सुवेदी, राजेन्द्र गिरी, विराज तामाङले नगरपालिकाको अनुदानबाट कुखुरापालन गरिरहेका छन्।

साढे तीन वर्ष साउदी अरब बसेकी सपना सुवेदीलाई त्यहाँको दुःख सम्झदा आङ सिरिङ्ग हुन्छ। बाख्रा र कुखुरापालनसँगै चियाखेतीमा व्यस्त उनी पनि विदेश नजाने अठोटका साथ कृषि कर्ममा रमाइरहेकी छिन्। नगरपालिकाबाट उनले रु एक लाख अनुदान लिएकी थिइन्।

"गाउँमा केही गर्छु भन्ने सबैसँग लगानी गर्ने रकम हुँदैन। रेमीले बिना ब्याजमा पैसा दिएपछि बाख्रा, कुखुरा पाल्न सजिलो भएको छ। तीन वर्षमा साँवा फर्काउने मात्र हो। ब्याज लाग्दैन", कुखुरालाई दाना दिँदै उनले भनिन्।

गत वर्ष नगरपालिकाले स्वरोजगार कार्यविधि बनाएर उद्यम गर्न चाहनेलाई अनुदानको व्यवस्था गरेको नगरप्रमुख रणबहादुर राईले बताए। व्यक्तिगत रूपमा रु एक लाखसम्म र समूह वा सहकारीमा आबद्ध भएमा रु पाँचदेखि दश लाखसम्म बिना ब्याज ऋण दिइने उनले जानकारी दिए।

# नेपाली सेनामा भर्ना खुल्यो

झापा(प्रस)। नेपाली सेनाले सैन्य पदका लागि दरखास्त आह्वान गरेको छ। सेनाको भर्ना छनौट निर्देशनालयले शुक्रबार एक सार्वजनिक सूचना जारी गर्दै २६०० भन्दा बढी जनशक्ति माग गरेको हो।

स्वीकृत दरबन्दीभित्र रहेका सैन्य पदमा खुला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्नेगरी आवेदन आह्वान गरिएको भन्दै सेनाले तोकिएको भर्ना केन्द्रमा फाराम बुझाउन अनुरोध गरेको छ। इच्छुक उम्मेदवारले वैशाख २७ भित्र आवेदन दिन सक्नेछन् भने दोब्बर दस्तुर तिरेर थप ७ दिनभित्र पनि आवेदन दिन सक्नेछन्। योग्यताका हकमा कक्षा ८ पास गरेकाले पनि आवेदन दिन सक्नेछन्। यस्तै उचाइ न्यूनतम ५ फिट ३ इन्च पुरुषको हकमा हुनुपर्नेछ भने महिलाको हकमा ५ फिट हुनुपर्नेछ।

# तयार भयो सगरमाथा चढ्ने बाटो




झापा(प्रस)। यस वर्षको वसन्त ऋतु (स्प्रिङ सिजन) मा सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि बाटो बनाउने काम सकिएको छ। सगरमाथा प्रदूषण नियन्त्रण समिति नाम्चेको आयोजनामा छ जना आइसफल डाक्टरसहित नौ जनाको टोलीले सगरमाथा आधार शिविरबाट निर्माण सुरु गरेको आरोहणको बाटो सम्पन्न गरेको हो।

'स्प्रिङ सिजन' को सगरमाथा आरोहणको समय सुरु भएपछि आइसफल डाक्टरको टोलीले चैतको दोस्रो सातादेखि बाटो निर्माणमा लागेका थिए। हिउँमा बाटो बनाउने अनुभवी र दक्ष व्यक्तिलाई आइसफल डाक्टर भन्ने गरिन्छ। आधार शिविर व्यवस्थापक छिरिङ तेन्जिङ शेर्पा, आङसर्की शेर्पा र दावाजाङ्बु शेर्पाको नेतृत्वमा गएको टोलीले निर्माण सम्पन्न गरेको सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) नाम्चकी सूचना अधिकारी याङ्जिडोमा शेर्पाले जानकारी दिइन्। सन् १९९७ देखि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको पर्यटन विभागले समितिलाई खुम्बु आइसफलको आरोहण मार्ग निर्माण तथा मर्मतको जिम्मेवारी दिँदै आएको छ। हरेक वर्ष हिउँ परेर बिग्रिएको पुरानो बाटो पहिल्याउँदै नयाँ बाटो निर्माण गर्ने गरिन्छ। आइसफल डाक्टरहरूले आल्मुनियमका भऱ्याङ जोडेर सगरमाथाको चुचुरोसम्म पुग्ने बाटो निर्माण गर्छन्।

चुनौतीपूर्ण मौसम भए पनि १८ घण्टा खटेर टोलीले दुई हजार दुई सय मिटर डोरी राखेपछि २०२५ को सगरमाथा सिजन अब आधिकारिक रूपमा खुलेको समितिले जनाएको छ। खुम्बु आइसफलदेखि क्याम्प-२ सम्म खर्पसमा हिउँ जम्मा भएको बाटो सफा गर्ने, डोरी टाँग्ने र भऱ्याङ राख्ने काम गरेपछि मात्र आरोही सगरमाथाको चुचुरोसम्म पुग्न सक्छन्।

पाँच हजार ३६४ मिटर उचाइमा रहेको सगरमाथा आधार शिविरबाट छ हजार चार सय मिटर उचाइको क्याम्प दुईसम्म दर्जनौँ सानाठुला हिमखाल्डा छन्। क्याम्प दुईभन्दा तल धेरै खाल्डा भएकाले बाटो बनाउने धेरै काम त्यहाँ गर्नु पर्छ। क्याम्प दुईमाथि हिमखाल्डा खासै छैनन्। क्याम्प दुईभन्दा माथिका लागि बाटो खोल्ने तथा डोरी बाँध्ने काम आरोहण टोलीका प्राविधिकले आरोहणकै समयमा गर्छन्।

आधार शिविरमा पदमार्ग निर्माण निकै जोखिमपूर्ण हुने भएकाले बौद्ध धर्म अनुसार लामाबाट पूजापाठ गरी बाटो निर्माणको साइत गरिएको थियो। बाटो निर्माणका लागि एक हप्तासम्म आधार शिविरमै आवश्यक तयारी गरिन्छ। हिमाल आरोहण गर्ने बाटो हिउँ र बरफ खनेर डोरीको सहायताबाट निर्माण गर्नुपर्ने भएकाले ज्यान माया मारेर बनाउनुपर्ने आइसफल डाक्टरहरू बताउँछन्।

हिमपहिरो गएमा बनाएको बाटो बिगार्ने भएकाले एकै स्थानमा पटक पटक बाटो बनाउनु पर्छ। सगरमाथा, ल्होत्से र नुप्त्से हिमाल आरोहणका लागि प्रयोग गरिने आधार शिविर एउटै हो। आधार शिविरबाट क्याम्प दुईसम्म तीन वटै हिमालको आरोहणका लागि बाटो पनि एउटै प्रयोग हुँदै आएको छ। बाटो खुलाउने जिम्मेवारी लिएको एसपिसिसीले बाटो खुलाएर अनुमति दिएपछि मात्रै आरोही तथा आरोहण व्यवसायीहरू दोस्रो शिविरसम्म जान पाउँछन्। आरोहणका लागि शरीरलाई अनुकूल बनाउन आरोही आधार शिविरबाट दोस्रो शिविरसम्म जाने र फर्कने गर्ने भएकाले दोस्रो शिविरमा चाँडै क्याम्प खडा गर्ने काम हुन्छ।

# त्रिवि उपकुलपतिविहीन हुँदा रोकियो प्रशासनिक काम

झापा(प्रस)। त्रिभुवन विश्वविद्यालय (त्रिवि) उपकुलपतिविहीन भएको छ। प्रा.डा. केशरजंग बरालले उपकुलपतिबाट राजीनामा दिएपछि त्रिवि उपकुलपतिविहीन भएको हो। बरालले १५ चैतमा राजीनामा दिएका थिए।

उनको राजीनामा बिहीबार प्रधानमन्त्री एवं कुलपति केपी ओलीले स्वीकृत गरे। बरालको राजीनामा स्वीकृत भएपनि निमित्त उपकुलपति तोकिएको छैन। त्रिवि नियम अनुसार तीन महिनासम्म रेक्टरलाई निमित्त दिने सकिने छ। प्रधानमन्त्री ओलीको सचिवालयका एक सदस्यका अनुसार बरालको राजीनामा स्वीकृत भए पनि स्वीकृत भएको पत्र प्रा. डा. बरालले बुझ्न बाँकी भएकाले निमित्त नतोकिएको हो। राजीनामा स्वीकृत भएको पत्र मेलबाट पठाउन बरालले भनेका छन्। 'म पत्र बुझ्न आउँदिनँ। मेलबाट पठाउन भनेको छु,' बरालले भने।



चार वर्षको कार्यकाल भए पनि बरालले १३ महिनामै राजीनामा दिएर पोखरा गएका छन्।

त्रिविमा उपकुलपति नहुँदा प्रशासनिक काम रोकिएको छ। उपकुलपति नभएपछि प्रशासनिक काम रोकिएको कर्मचारीहरू बताउँछन्।

बरालले नै नियुक्तिको लागि सिफारिस गरेका रेक्टर प्रा. डा. खड्ग केसी र रजिस्ट्रार प्रा. डा. केदारप्रसाद रिजाल छन्। बरालको राजीनामापछि केसी र रिजाललाई पनि राजीनामा दिन दबाब परेको छ।

# भारतीय पर्यटकलाई कोशीका नाकामा सुरक्षा जाँच कार्ड

झापा(प्रस)। २०८२ साललाई पर्यटन वर्ष घोषणा गरेको कोशी प्रदेश सरकारले भारतीय पर्यटकको सहजताका लागि भन्दै नाकामा सुरक्षा जाँच कार्ड बाँड्ने भएको छ। पर्यटकका सवारीलाई सीमा नाकाबाहेक बाहिर सुरक्षा जाँच नगर्ने गरी नाकामा सुरक्षा जाँच र रुट परमिट कार्ड शुक्रवारबाट वितरण थालिएको हो।

भारतीय पर्यटकले नेपालमा धेरै स्थानमा सुरक्षा जाँचका नाममा दुःख दिने गरेको गुनासो गरेका थिए। पर्यटन वर्ष मनाउने घोषणा गरेको सरकारले पर्यटक भित्र्याउनका लागि रुट परमिट र सुरक्षा जाँचको कार्ड बाँड्ने योजना ल्याएको हो।नेपाल प्रवेश गर्ने नाकामा स्टिकर टाँसेपछि पर्यटक बस वा अरु भारतीय सवारीलाई अन्य स्थानमा सुरक्षा जाँचका लागि रोकिनुपर्ने छैन। यसरी बाँडिने कार्डमा 'कोशी प्रदेश पर्यटन वर्ष-२०८२, विदेशी सवारीसाधनको अस्थायी रुट इजाजत पत्र तथा सुरक्षा जाँच कार्ड' लेखिएको छ।

कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रवक्ता कमल थापाका अनुसार भारतीय पर्यटकको सहजताका लागि विराटनगरको रानी, झापाको काँकडभिट्टा, इलामको पशुपतिनगर र सुनसरीको कोशी पुलमा छुट्टै युनिट राखेर सुरक्षा जाँचपछि सुरक्षा जाँच र परमिटको कार्ड वितरण गरिने छ। कार्डमा कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय र कोशी प्रदेश प्रहरी कार्यालयको सम्पर्क नम्बर राखिएको छ। कार्डमा गाडी नम्बर, नेपाल प्रवेशको समय, पुग्ने गन्तव्य, सवारी चालकको नाम, गाडीमा सवार यात्रु संख्या, प्रवेश नाका, बाहिरिने नाका र नेपालमा बस्ने समयावधि उल्लेख गरिएको छ। नाकामा १ पटक विवरण उल्लेख गरेको सवारीलाई प्रदेशका अन्य क्षेत्रमा चेकजाँच नहुने उनले बताए। चैत २७ गतेबाट सुरु कोशीको पर्यटन वर्षमा १० लाख पर्यटक भित्र्याउने प्रदेश सरकारको लक्ष्य छ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस्।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ। प्रेम जीवन पनि सफल रहनेछ।

**वृष** आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन्।

**मिथुन** आज आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला।

**कर्कट** पराक्रम बढ्नुका साथै धन लाभका योग पनि देखिन्छन्।

**सिंह** अरुलाई प्रभावित पारेर काम बन्नेछ। लाभदायी छलफल हुनेछ।

**कन्या** रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**तुला** प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ।

**वृश्चिक** आफन्त र मित्रवर्गको सहयोग पाइनेछ।

**धनु** वाणीमा कुशलता आउने दिन परेको छ। नयाँ काम र करियरको क्षेत्रमा मन जाने

**मकर** साथीको सुझावले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

**कुम्भ** भाग्य बलमा कमी भएको आभास गर्नु हुनेछ। सामाजिक काममा व्यस्त हुने समय

**मिन** बोलीवचन र भाषण आदिमा प्रशंसा मिल्नेछ।